आज मिति २०८० साल कार्तिक २१ गते मङ्गलवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/०७/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

०८०।७।२१

आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका : वैठक मिति:- २०८०/०७/२१ वैठक संख्या:-०५

---

**प्रस्तावहरु**

१. अस्पताल भवन निर्माणको मुल्याङ्कन विलको रकम भुक्तानी सम्वन्धमा

२. ई-सिफारिस सफ्टवयर खरीद सम्वन्धमा

३. उपभोक्ता समितिको तालिम सञ्चालन सम्वन्धमा

४. सडक वत्ति जडान सम्वन्धमा

५. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भइ मिति २०७८/०३/२५ मा ठेक्का नं:ARM/WORKS/NCB/05/2078-79 "CONSTRUCTION OF AAMCHOWK AADHARBHUT ASPATAL" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र सगरमाथा घिमिरे निर्माण सेवा को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसायबाट तेस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन तयार गरि तपशिल अनुसारको रकम भुक्तानि दिने ।

- सम्झौता रकमः रु. १२,८०,४६,८९६।८ ( मु.अ. क बाहेक)
- तेस्रो रनिङ बिल बाट आएको रकमः रु. ७२,३७,७३०।४९
- मु.अ.क (१३ %) : रु.९,४०,९०४।९६
- जम्मा रकम मु अ क सहितः रु ८१,७८,६३५।४५
- कन्टिनजेनसि (४%) : रु. ३,२७,१४५।४१
- जम्मा खर्च रकमः रु. ८५,०५,७८०।८६
- धरौटि कट्टि रकम(५%) : रु. ३,६१,८८६।५२
- अग्रिम आय कर (१.५%) :रु १,०८,५६५।९५
- अन्य कर : रु २,८२,२७१।४८
- भुक्तानि हुने रकम : रु. ७४,२५,९११।४८

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भई नेपाल सरकार राजश्व अनुदान अन्तर्गत सूचना प्रणाली तथा सफ्टवोएर संचालन खर्च शिर्षकको विनियोजित रु.३०००००। रकमवाट ई-सिफारिस सफ्टवयर खरीद गर्नको लागि सूचिकृत कम्पनीहरुलाई प्रस्ताव माग गरिएकोमा तिनवटा कम्पनीवाट प्रस्ताव पेश भए वमोजिम जडान खर्च,तालिम खर्च र सफ्टवयरको मुल्य गरी न्यूनतम रु.५०००००।(अक्षरुपी पाँचलाख) मा मात्र ई-सिफारिस सफ्टवयर उपलव्ध गराउन सक्ने प्रस्ताव वमोजिम नपुग हुन आउने रु.२०००००। रकम नेपाल सरकार राजश्व अनुदान अन्तर्गत सेवा र परामर्श खर्च शिर्षकवाट भुक्तानी हुने गरी खरीद गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/७/२१

०८०/७/२१

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि उपभोक्ता समितिवाट अध्यक्ष, सचिव र कोषाध्यक्ष ३ जना , विव्यस वा स्वाव्यसदेखि अध्यक्ष र सचिव २ जना र सामुदायकि वन उसदेखि अध्यक्ष वा १ जना प्रतिनिधि गरी तपशिल वमोजिम योजना कार्यन्वायनको विषयमा १ दिने अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.सं. | वडा/गापा | समिति संख्या | समितिवाट | सामुदायिक वनका प्रतिनिधि | वडा समिति र वडा सचिव | प्रशिक्षक र आयोजकहरु | जम्मा | तालिम सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं १ | ९ | २५ | २ | ७ | ८ | ४२ | मंसिर ११ |
| २ | वडा नं २ | ९ | २० | ७ | ५ | ८ | ४० | मंसिर १२ |
| ३ | वडा नं ३ | २० | ४८ | ८ | ६ | ८ | ७० | मंसिर १३ |
| ४ | वडा नं ४ | ८ | २२ | ६ | ६ | ८ | ४२ | मंसिर १४ |
| ५ | वडा नं ५ | ८ | २० | ४ | ६ | ८ | ३८ | मंसिर १५ |
| ६ | वडा नं ६ | १२ | ३० | ६ | ६ | ८ | ५० | मंसिर १६ |
| ७ | वडा नं ७ | ९ | २४ | ३ | ६ | ८ | ४१ | मंसिर १७ |
| ८ | वडा नं ८ | १५ | ४१ | ४ | ५ | ८ | ५८ | मंसिर १८ |
| ९ | वडा नं ९ | १५ | ४१ | ४ | ६ | ८ | ५९ | मंसिर १९ |
| १० | वडा नं १० | १४ | ३० | १२ | ५ | ८ | ५५ | मंसिर २० |
| ११ | गाउँपालिका स्तरीय | १२ | ३६ | ० | ० | ८ | ४४ | मंसिर २१ |
| | जम्मा | १३१ | ३३७ | ५६ | ५८ | ८८ | ५३९ | |

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल भई नेपाल सरकार शसर्त अनुदानको राष्ट्रियग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय ऊर्जा प्रवधि जडान शिर्षकको रकमवाट वालंखा वजारमा १०० वाटको २० वटा सडक वत्ति जडान गर्नको लागि प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल भई आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराउने ।

क) आमचोक ९ निवासी श्री निर्मल श्रेष्ठको फोक्सो सम्वन्धी गम्भिर रोगको कारण टिचिङ्ग अस्पताल काठमाण्डौमा उपचार भइरहेकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) उपलव्ध गराउने ।

ख) आमचोक ९ निवासी श्री महेन्द्र राई मिति २०८० जेष्ठ ९ गतेको दिन रुखवाट खसेर खुट्टा भाँचिएर अंगभंग भई धरान घोपा क्याम्पमा उपचारत भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.२००००। (अक्षेरुपी विसहजार मात्र) उपलव्ध गराउने ।

ग) आमचोक ९ निवासी श्री रमेश श्रेष्ठ निमोनिया भइ विराट नरसिंह होम विराटनगरमा उपचाररत नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

घ) आमचोक वडा नं २ मा रौंकि वजार व्यवस्थापनको लागि भएको खर्च रकम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दसहजार मात्र) उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/८/२१

२०८०/८/२१